म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १२८ मंगलबार ५ पुस २०७९ ने. सं. ११४३ थिंलागा 20 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य:

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेश साकोसको उपाध्यक्षमा श्रेष्ठ

हेटौंडा, ४ पुस/बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको उपाध्यक्षमा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ चयन भएकी छन् । काठमाडौंमा भएको संघको दोस्रो वार्षिक साधारणसभाबाट श्रेष्ठ महिला उपाध्यक्ष पदमा सर्वसम्मत चयन भएकी हुन् । मकवानपुरगढी स्थायी घर भएकी श्रेष्ठ मकवानपुरगढी-३, मक्रान्चुलीमा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थाको समेत अध्यक्ष छिन् । संघको कोषाध्यक्षमा केशव दंगाल, सदस्यहरुमा कृष्णप्रसाद सुवेदी र तारानाथ सापकोटा चयन भए । संघको लेखा समिति संयोजकमा देवप्रसाद त्रिपाटी चयन भएका छन् । सहकारी संघ बागमती प्रदेशका अध्यक्ष उद्धव सापकोटाको सभाध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघ लिमिटेडका अध्यक्ष मिनराज कँडेलको प्रमुख आतिथ्यतामा वार्षिक साधारणसभा भएको थियो । वार्षिक साधारणसभाको अवसरमा संघले उत्कृष्ट लगानीकर्तातर्फ दोलखा जिल्लाको एकीकृत फ्रेण्डसिप बचत तथा ऋण सहकारी संस्थालाई सम्मान गरेको थियो ।

# भागवण्डा टुङ्गिएपछि मात्रै प्रदेशमा सरकार बन्ने संकेत

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/नयाँ प्रदेश सरकार गठनको बाटो खुलेसँगै बागमती प्रदेशमा संसदीय दलको नेता बन्ने कसरत सुरु भएको छ ।

शनिबार निर्वाचन आयोगले मंसिर ४ मा बागमती प्रदेशमा सम्पन्न निर्वाचनको अन्तिम मत परिणाम सहितको निर्वाचन प्रतिवेदन प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई बुझाएसँगै दलको नेता बन्ने कसरत सुरु भएको हो । आयोगले प्रदेश प्रमुखलाई प्रतिवेदन बुझाएसँगै प्रदेशमा नयाँ सरकार गठनको बाटो खुल्ला भएको छ । सरकार गठनको बाटो खुलेसँगै बागमती प्रदेशसभामा निर्वाचित दलहरुमा संसदीय दलको नेता बन्न प्रदेशसभा सदस्यहरुले आवश्यक कसरत सुरु गरेका छन् ।

सत्ता गठबन्धनमा रहेका दलहरूको सरकार बनाउन स्पष्ट बहुमत रहेकाले सत्ता गठबन्धनबाट निर्वाचित प्रदेश सभाका सदस्यहरू संसदीय दलको नेता बन्ने र बनाउने कसरतमा लागेका छन् । सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सरकार निर्माण गर्न आवश्यक प्रदेश सभा सदस्य रहेकाले मूलत: कांग्रेस र माओवादी केन्द्रभित्र संसदीय दलको नेता को बन्ने र कसलाई बनाउने भन्नेमा बढी प्रतिस्पर्धा देखिएको छ ।

नेकपा एमालेमा पनि संसदीय दलको नेता बन्न दौडधुप सुरु भएको छ । तर, एमालेबाट केन्द्रीय सदस्य समेत रहेका जेएन थपलिया दलको नेता बन्ने सम्भावना बलियो छ । अरु सांसदहरुले पनि दलको नेता बन्नका लागि कसरथ सुरु गरेका छन् । नेपाली कांग्रेस ३७ सिट जित्दै बागमती प्रदेशसभाको सबैभन्दा ठुलो दल बनेको छ । २५ प्रत्यक्ष र १२ समानुपातिक प्रणालीबाट गरी ३७ प्रदेश सभा सदस्य रहेको कांग्रेसको यस प्रदेशमा संस्थापन पक्ष हाबी रहेको छ ।

संस्थापन पक्षबाटै संसदीय दलको नेता बन्न दुई जना कसरत गरिरहेका छन् । कांग्रेस केन्द्रीय सदस्य नुवाकोट जिल्ला प्रतिनिधि सभा क्षेत्र नं. २ (ख)बाट निर्वाचित बहादुरसिंह लामा र कांग्रेस



बागमती प्रदेशका सभापति मकवानपुर प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ (ख)बाट निर्वाचित इन्द्रबहादुर बानियाँ संसदीय दलको नेता बन्ने दौडमा छन् ।

कांग्रेस केन्द्रीय सदस्य लामा बागमती प्रदेशको मुख्यमन्त्री बन्नैको लागि केन्द्रबाट प्रदेशमा झरेको चर्चा छ । पार्टीमा लामो समयदेखि लाग्दै आए पनि आफूले अवसर नपाएकाले पनि मुख्यमन्त्रीमा आफ्नो दाबी स्वाभाविक भएको लामाको भनाई छ । त्यस्तै बागमती प्रदेशसभाको अघिल्लो कार्यकालमा कांग्रेस संसदीय दलको नेता भइसकेका बानियाँ सोही कार्यकालमा मुख्यमन्त्रीको दावेदार थिए । सहमती कार्यान्वयन भएको भए उनी यतिबेला प्रदेशको मुख्यमन्त्री हुन्थे ।

सत्ता गठबन्धनमा बागमती प्रदेश सरकारको आधा-आधा कार्यकाल बानियाँ र हालका मुख्यमन्त्री राजेन्द्र पाण्डेले नेतृत्व गर्ने लिखित सहमती भएको थियो । तर, अन्तिम समयमा पाण्डे सहमतीबाट पछि हट्दा बानियाँ मुख्यमन्त्री बन्ने मौकाबाट वञ्चित भएका थिए । त्यसैले पनि यो पटक बानियाँ आफ्नो दावेदारी स्वभाविक रहेको बताउँछन् । बानियाँ यसअघि संविधान सभा सदस्य हुँदै संघीय सरकारको गृह र पर्यटन राज्यमन्त्री भइसकेका छन् ।

यो पटक संसदीय दलको नेता र मुख्यमन्त्री आफूले पाउनुपर्ने भन्दै बानियाँ सोहीअनुसार दलभित्र सहमति भएर आफू सर्वसम्मत रुपमा नै दलको नेता चयन हुने उनको दावी छ ।

सत्ता गठबन्धनको अर्को दल नेकपा माओवादी केन्द्रमा पनि प्रदेश संसदीय दलको नेतामा ४ जनाबीच रस्साकस्सी सुरु भएको छ । २१ जना प्रदेशसभा सदस्यसहित संसदको तेस्रो दल बनेको माओवादीमा दलको नेता बन्न ४ जनाले कसरत थालेका हुन् । माओवादी केन्द्रमा सिन्धुपाल्चोकबाट निर्वाचित माओवादी केन्द्रका बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेल, बागमती प्रदेश सरकारको आर्थिक मामिला मन्त्री समेत रहेका धादिङबाट निर्वाचित प्रदेशसभा सदस्य शालिकराम जम्कट्टेल, सिन्धुलीबाट निर्वाचित गङ्गानारायण श्रेष्ठ र प्रदेशका पूर्वसामाजिक विकासमन्त्री युवराज दुलाल संसदीय दलको नेता बन्न लविङमा छन् ।

नेपाल समाजवादी पार्टीका सहअध्यक्ष रहेका श्रेष्ठ डा. बाबुराम भट्टराईले नयाँ शक्ति पार्टी गठन गर्नुपूर्व माओवादी केन्द्रको नेता थिए । तर,चुनावमा नयाँ शक्ति र माओवादीबीच भएको सहमतीअनुसार उनी माओवादीको चुनाव चिन्हबाट उठेका थिए । माओवादी केन्द्रका पौडेल आफू पार्टीको प्रदेश अध्यक्ष भएकाले संसदीय दलको नेतामा दाबी स्वभाविक रहेको बताउँछन् । पुस ५-६ गते पार्टीको बैठक बसेर दलको नेताको टुंगो लाग्ने उनको भनाई छ ।

गठबन्धनको अर्को घटक दल नेकपा एकिकृत समाजवादीमा दलको नेताको लागि प्रदेश सरकारको प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनाल आकांक्षी छन् । खनालले पार्टीको दलको नेतामा आफ्नो दावी रहेको बताएका छन् । प्रत्यक्षमा ५ र समानुपातिकमा २ सिट पाएको समाजवादी ७ सिटसहित प्रदेशसभाको पाचौं दल बनेको छ ।

पहिलोपटक प्रत्यक्षतर्फ चुनाव जित्दै संसदमा बलियो उपस्थिती बनाएको प्रदेशको चौथो ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टीमा संसदीय दलको नेताका लागि भने हालसम्म कुनै चर्चा चलेको छैन । पार्टीको केन्द्रीय निर्णय र नीति आएपछि संसदीय दलको नेता चयन प्रक्रिया थाल्ने राप्रपाको नवनिर्वाचित सांसदहरुको भनाई छ । प्रदेश सभामा नेपाल मजदुर पार्टीको एक जना प्रत्यक्षबाट निर्वाचित र दुई समानुपातिकतर्फका गरी तीन जना र हाम्रो नेपाली पार्टीको प्रत्यक्ष प्रणाली र समानुपातिक प्रणालीबाट एक/एक जना गरी दुई जना प्रदेश सभा सदस्य रहेका छन् । बागमती प्रदेशमा अबको २० दिनभित्र नयाँ सरकार गठन गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

### तत्काल सरकार गठन प्रक्रिया सुरु नहुने

बागमती प्रदेशमा सरकार गठनको प्रक्रिया तत्काल सुरु नहुने भएको छ । संघमा नयाँ सरकार गठनको स्पष्ट समीकरण नहुँदासम्म बागमती प्रदेशमा सरकार गठनको प्रक्रिया सुरु नहुने भएको हो । निर्वाचन आयोगले शनिबार प्रदेश सभा निर्वाचनको अन्तिम परिणामसहितको प्रतिवेदन प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई बुझाएको थियो । यससँगै बागमती प्रदेशमा नयाँ सरकार गठनको बाटो खुल्ला भएपनि त्यसको प्रक्रिया सुरु हुन भने केहि समय लाग्ने भएको छ ।

सोही अनुसार प्रदेश प्रमुख शर्मा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल र दलका नेताहरुसँग छलफलमा रहेको जनाइएको छ । आयोगको प्रतिवेदन प्राप्त भएसँगै सरकार गठन प्रक्रियाको बाटो खुला भएपनि प्रदेश प्रमुखले सबैसंग परामर्शपछि मात्र सरकार गठनका लागि आह्वान गर्ने उनको सचिवालयले जनाएको छ । आयोगले प्रतिवेदन पेश गरेको ३५ दिनभित्र प्रदेश सरकार गठन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । सो अवधिभित्र प्रदेश प्रमुख शर्माले सरकार गठनका लागि आह्वान गरी सबै प्रक्रिया र काम पुरा हुनेछ ।

पहिलो संसद बैठकपछि सरकार गठनको प्रक्रियाले तीव्रता पाउनेछ । सांसदहरुको शपथ पछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संसद् आह्वानका लागि प्रदेश प्रमुखको कार्यालयमा पत्राचार गर्छ । सोसँगै प्रदेशमा सरकार गठनको प्रक्रियाले तीव्रता पाउँछ । बागमती प्रदेशमा कुनै पनि दललाई एकल बहुमत प्राप्त नभएकाले संविधानको धारा १६८ को उपधारा (१) स्वत: निष्कृय हुने देखिन्छ । कुनै एक दलको बहुमत नहुँदा संविधानको धारा १६८ को उपधारा (२)अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थन पाउने प्रदेशसभा सदस्यको नेतृत्वमा सरकार बन्न सक्ने व्यवस्था रहेको छ ।

सोहीअनुसार बहुमत जुटाउन सक्ने दल वा प्रदेश सभा सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नेछन् । ११० प्रदेश सभा सदस्यीय बागमती प्रदेशसभामा कांग्रेसले ३७, एमालेले २७, माओवादी केन्द्रले २१, राष्ट्रिय प्रजातन्त्र पार्टीले १३, एकीकृत समाजवादीले ७, नेपाल किसान मजदुर पार्टीले ३ र हाम्रो नेपाली पार्टीले २ सिट पाएका छन् । बागमती प्रदेशमा सरकार गठनको लागि कुल सदस्यमध्ये ५६ जनाको समर्थन आवश्यक हुन्छ ।

# छाप्रोमा प्रहरी चौकी, नयाँ बनाउने निर्णय कागजमै थन्कियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/पुसको चिसो मौसम । समुन्द्री सतहबाट माथि भएकाले मकवानपुरगढी गाउँपालिकाको २ नम्बर वडास्थित जितपुरभञ्ज्याङमा धेरै ठण्डी चल्ने गर्छ ।

पुसको चिसोको ठण्डीमा काठको छाप्रोमा प्रहरी बस्न बाध्य छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट शान्ति सुरक्षाका लागि खटिएका प्रहरीहरु जितपुरभञ्ज्याङको अस्थायी प्रहरी चौकीमा बसिरहेका हुन् । सानो काठको छाप्रो, तलबाट सानो पहिरो गएको छ । तर पनि प्रहरीहरु पुसको महिनामा चिसो नभनी सेवामा खटिएका छन् । यसअघि २०७७ सालमै मकवानपुरगढी र बकैया गाउँपालिकाको जनप्रतिनिधिहरुले व्यवस्थित प्रहरी चौकी निर्माणका लागि प्रतिबद्धता जनाउँदै निर्णय गरेका थिए । तर, कागजमा भवन बनाउने भन्दै हस्ताक्षर गरेका जनप्रतिनिधिहरुको प्राथमिकतामा नपरेपछि प्रहरीहरु हालसम्म पनि छाप्रोमै बस्न बाध्य भएका हुन् ।

हेटौंडाबाट करिब २० किलोमिटर टाढा जितपुरभञ्ज्याङमा रहेको प्रहरी चौकीले मकवानपुर गढीको २ र ७ नम्बर वडासँगै बकैयाको ११ र १२ नम्बर वडासम्म सेवा दिँदै आएको छ । त्यही चौकीमाथि काठमाडौं-तराई द्रुत मार्गमा सुरक्षाको जिम्मेवारी पनि काँधमा छ । अस्थायी प्रहरी पोष्टको कच्ची घर जीर्ण अवस्थामा रहेको हो । जितपुरभञ्ज्याङमा करिब १५ वर्षअघि अस्थायी प्रहरी चौकी स्थापना गरिएको थियो । पुरानो काठको घरमा जस्ताले घेरिएको जीर्ण संरचनामा डेढ दशकदेखि प्रहरी बसिरहेका हुन् । तर, पनि उनीहरुले व्यवस्थित बास पाएका छैनन् ।

हेटौंडा-काठमाडौं जोड्ने पुरानो सडक कान्तिलोकपथसँगैको प्रहरी चौकीलाई निर्माण गर्न २०७७ साल मंसिर १९ गते यहाँका स्थानीय तथा सरोकारवालाले निर्णय गरेका थिए । जितपुरभञ्ज्याङमा अस्थायी प्रहरी चौकीको भवन निर्माणका लागि



मोहरे ढुंगेगढी टोल विकास संस्थाका अध्यक्ष सुधारजित गोलेसहित तत्कालिन जनप्रतिनिधिहरुको उपस्थितिमा निर्णय गरिएको थियो । त्यतिबेलै चौकी निर्माणका लागि मकवानपुर गढी गाउँपालिका र बकैया गाउँपालिकाले आर्थिक सहयोग गर्ने, चौकीको घडेरी खार्न शिवम् सिमेन्ट उद्योगले सहयोग गर्नेलगायतको निर्णय भएका थिए । तर, निर्णय कार्यान्वयन गराउन भूमिका खेल्नेहरुको प्राथमिकतामा नपरेपछि निर्णय कागजमै सीमित भएको छ ।

चिसोमा कष्टकरसँग बस्दै आएका प्रहरीहरुले भवन निर्माणका लागि सम्बन्धित निकायमा पहल गर्दिन आग्रह गरेका छन् । प्रहरी हवल्दार राजकुमार महतोको कमाण्डमा सहायक हवल्दार दुई र प्रहरी जवान कार्यरत छन् । प्रहरी हवल्दार महतोले चिसोमा छाप्रोमा बस्न मुस्किल भएको बताए । वर्षातको समयमा पानी परेपछि पहिरो जाने त्रासले सताउने गरेको उनले स्मरण गरे। छाप्रोमा खाना पकाउने सहित तीन वटा कोठामात्रै रहेको छ । बजेट अभावका कारण प्रहरी चौकीमा इन्टरनेटसमेट जडान गर्न नसकिएको प्रहरीहरु बताउँछन् । चौकी भएको क्षेत्रमा खानेपानीको पनि समस्या रहेको उनले बताए ।

करिब दुईसय मिटर तलबाट पिउनेपानी, कपडा धुने, नुहाउने र अन्य कामका लागि पानी ल्याएर ड्रममा जम्मा गर्नुपर्ने बाध्यता उनीहरुलाई छ । निर्माणाधीन द्रुत मार्गको काम भइरहेकाले द्रुत मार्ग निर्माण स्थलमा हुने झैझगडा, सामान चोरी, कान्तिलोकपथ सडकमा हुने सवारी दुर्घटनाका घट्नामा चौकीले काम गरिरहेको छ । तर, प्रहरीहरुलाई गस्ती गर्ने सवारीसाधनको अभाव देखिएको छ । कतै घटना भएको खबर आउँदा सडकमा निस्किएर अन्य सवारीसाधनलाई ठाउँमा पुऱ्याइदिन आग्रह गर्नुपर्ने अवस्था रहेको महतोले गुनासो गरे । स्थानीय सामुदायिक वनको जग्गामा आश्रय लिएर बसेका प्रहरीका लागि स्थायी भवन संरचना निर्माणका लागि जग्गासमेत छैन ।


## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बर मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८


# बागमती प्रदेशसभाको अध्यक्षता ७२ वर्षीय जेष्ठ सदस्यले गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/बागमती प्रदेशसभाको नयाँ अधिवेशन नेकपा माओवादी केन्द्रका सांसद रामप्रसाद ढुंगानाको अध्यक्षतामा सञ्चालन हुने भएको छ ।

प्रदेशसभामा निर्वाचित सांसदहरुमध्ये उमेरको हिसाबले सबैभन्दा जेष्ठ रहेका ढुंगानाको अध्यक्षतामा प्रदेशसको दोस्रो कार्यकालको नयाँ अधिवेशन सुरु हुने भएको हो । संवैधानिक व्यवस्था अनुसार प्रदेशसभामा सभामुख निर्वाचित नहुँदासम्म ज्येष्ठ सदस्यले सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको छ । सोही अनुसार नुवाकोट निर्वाचन क्षेत्र २ (१) बाट प्रदेशसभामा निर्वाचित ढुंगानाले प्रदेशसभाको आगामी अधिवेशनको बैठक सञ्चालन गर्नेछन् । ढुंगाना १२ हजार एक सय १० मत ल्याएर विजयी भएका थिए । उनले नेकपा (एमाले)का उम्मेदवार केशवराज पाण्डेलाई चार सय ४८ मतान्तरमा पराजित गरेका थिए । निर्वाचन आयोगले प्रदेशसभा सचिवालय र प्रदेश प्रमुख कार्यालयलाई उपलब्ध गराएको तथ्यांक अनुसार उनी ७२ वर्षीया हुन् । उनका जन्म २००६ साल असोज २ गते भएको थियो । प्रदेशसभाका ११० सांसदमध्ये ज्येष्ठ सदस्यका आधारमा उनलाई प्रदेश प्रमुखले सपथ गराउनेछन् । उनले बाँकी सांसदलाई सपथ ग्रहण गराएर आगामी अधिवेशनको सुरुवात गर्नेछन् । सपथ ग्रहणको मिति अझै टुंगो लागेको छैन ।


खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

## यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०



## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कृषि उत्पादन बढाऔं

अधिकांश नेपालीले गर्ने कृषि कार्य निर्वाहमुखी बनिरहेको छ । कृषिलाई दैनिक जीविकोपार्जनको आधारमात्र नबनाएर समृद्धिको आधार बनाउनतर्फ सम्बद्ध पक्षको ध्यान जान सकेको देखिँदैन । पछिल्ला केही वर्षदेखि सरकारले कृषिमा आधुनिकीकरण गर्न केही नयाँ कार्यक्रम र सहयोगको प्याकेजहरु ल्याएको भए पनि प्रभावकारी बन्न सकेको छैन । कृषिको आधुनिकीकरणमार्फत् नेपालको समृद्धि हासिल गर्ने कुरा काममा भन्दा भाषणमा बढी भइरहेको छ । यसको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ ।

पछिल्लो समय देशमा कृषि क्षेत्रमा आकर्षण बढ्नुको साटो घटिरहेको छ । दिन प्रतिदिन खेतीयोग्य जमिन घटिरहेको छ भने भएका जमिन पनि बाँझो भइरहेको छ । कृषिलाई व्यावसायिक बनाउनुपर्ने नेपाली युवाहरु भने विदेशका जमिन उर्वर बनाउन लर्को लागेर विदेशिँदैछन् । नेपालमै कृषि उत्पादनको ठूलो बजार भएपनि पर्याप्त कृषि उत्पादन हुन नसक्दा अधिकांश कृषि वस्तु आयातमा निर्भर हुनु परिरहेको छ । अहिले नेपालमा झण्डै चालीस अर्ब रुपियाँको खाद्यान्न भारतबाट आयात भइरहेको छ । झण्डै बीस अर्बको चामल, सात अर्बको मकै, पाँच अर्बको गहुँ र तीन अर्बको धान भारतबाट आयात हुन्छ । यहाँसम्मकि पहाडी र हिमाली क्षेत्रमा उत्पादन हुने कोदो, फापरजस्ता खाद्यान्न पनि भारतबाटै आयात गर्नुपर्छ । कागती, धनियाँको पात र सयपत्री फूलसमेत भारतबाट आयात हुन्छ भन्ने सुन्दा धेरैलाई अनौठो लाग्नसक्छ । तर, यथार्थ यही हो । अनधिकृत प्लटिङ र युवा जनशक्ति विदेश पलायन हुँदा ठूलो परिमाणमा जमिन बाँझो हुँदै गएको छ । खेतीपाती गरिरहेका निम्न वर्गका कृषकहरुलाई पनि कृषि कार्यमा सहजता पक्कै छैन । कृषिको विकासमा राज्यको सहयोग पर्याप्त र प्रभावकारी नभएका कारण कृषकहरु सधैं मारमा परिरहेका छन् । कृषि उत्पादन वृद्धिका लागि आवश्यक माटोको प्राविधिक जाँच, बीउ, मल र बिषादीको सर्वसुलभता, कृषि उत्पादनको बजारीकरणसम्मको पहुँच र सुविधा सहज बनाउनेतर्फ सरकारको ध्यान जान सकेको छैन ।

कृषि उत्पादन बृद्धि गरी कृषि वस्तुमा देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । यसका लागि युवालाई कृषि क्षेत्रमा आकर्षित गर्नुपर्छ । यसका लागि कृषिलाई आधुनिक र व्यावसायिक बनाउनु पर्छ । कृषिलाई पनि उद्योगकै रुपमा स्थापित गर्नुपर्छ । गत वर्षदेखि सरकारले कृषि उत्पादन बढाउन थालनी गरेको सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्रका कार्यक्रमलाई प्रभावकारी बनाउँदै व्यापकरुपमा विस्तार गर्नुपर्छ । हरेक प्रदेशमा एक-एकवटा बालीको सुपरजोन, हरेक जिल्लामा कृषि जोन, हरेक गाउँमा ब्लक र पकेट क्षेत्र निर्धारण गरी सोहीअनुसार सहुलियत र प्रोत्साहन गर्नुपर्छ । कृषि क्षेत्रलक्षित कार्यक्रमबाट वास्तविक किसान लाभान्वित हुनुपर्छ । सामुहिक र सहकारीमार्फत् गरिने कृषिलाई आवश्यक सहयोग र सहजीकरण गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस ६ गते बुधबार २१ डिसेम्बर २०२२ ।त्रयोदशी पौष कृष्णपक्ष । थिंलागा ११४३ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# 'विकल्प होइन, प्रदेश बलियो बनाउने उपाय सोच्नुपर्छ'



डा. खिमलाल देवकोटा,

सर्वप्रथम पाँच वर्षअघि नेपालका प्रदेश संरचना कुन अवस्थामा स्थापना भएका थिए भनेर फर्केर हेर्नुपर्छ । सुरुमा त कसरी प्रदेश तहका संरचना बने भनी हेर्नुपर्छ । सरकार बन्नासाथ प्रदेश सरकारप्रति हेर्ने दृष्टिकोण कस्तो रह्यो भन्ने विचार पुऱ्याउनुपर्छ । प्रदेश तहका लागि आवश्यक जनशक्ति कसरी व्यवस्थापन भयो ? कसरी कर्मचारी व्यवस्थापन गरियो ? प्रदेश तहमा पनि व्यवस्थापिका र कार्यपालिका हुन्छ । सरकार सञ्चालन गर्न कानुन चाहिन्छ । यी सबै पाटोको समीक्षाबाट मात्रै प्रदेश तहले पछिल्लो पाँच वर्षमा के गरे भन्ने उत्तर पाउन सकिन्छ ।

प्रदेशहरू जुन बेलामा गठन भए, त्यो बेला एकदमै तरल अवस्था थियो । नाजुकपूर्ण अवस्थाबाट प्रदेश सरकारहरूले काम थालेका थिए । शून्यको अवस्थाबाट काम अघि बढेको थियो । म आफैं पनि बागमती प्रदेशको योजना आयोगको उपाध्यक्ष भएर काम गरें । मलाई उनीहरूले नियुक्तिपत्र मात्रै दिए । न मसँग कर्मचारी थिए, न बस्ने कार्यालय थियो, केही पनि संरचना थिएनन् । त्यो बेलामा प्रमुख सचिवको कार्यालयको एउटा कुनामा टेबुल राखेर काम सुरु गरेको हो ।

मुख्यमन्त्री र प्रदेश सभामुखहरूले पनि त्यसैगरी काम थालेका थिए । सुरुमा कानुन पनि थिएन, कर्मचारी पनि थिएनन् । पहिलो वर्ष सकिने बेलामा मात्रै फाट्टफुट्ट कर्मचारी जान थालेका थिए । अलिअलि कानुन बन्न थाल्यो । दोस्रो वर्षमा मात्रै अलिअलि कर्मचारी व्यवस्थापन हुन थाल्यो । समायोजनमार्फत कर्मचारी व्यवस्थापन भएकाले त्यहाँ जानेहरू उत्साह भन्दा पनि बाध्यताले गएकोले उनीहरूबाट काम लिन कठिन भएको थियो ।

सुरुको वर्षमा प्रदेश सरकारलाई नेपाल सरकारले १ अर्ब २ करोडको समानीकरण अनुदान दिएको थियो । २०७४ को माघदेखि फागुनको पहिलो हप्तासम्म प्रदेश सरकार गठन भएका थिए । त्यो आर्थिक वर्षको ५/६ महिनाको अवधिमा त्यही एक अर्ब रुपैयाँको २०/३० प्रतिशत पनि खर्च हुन सकेन । खर्च गर्नलाई कानुनी संरचना, कर्मचारी व्यवस्थापन केही पनि थिएन । मैले यो पाटोबारे त्यतिबेला सार्वजनिक टिप्पणी पनि गरेको थिएँ ।

दोस्रो वर्ष अलिकति कामको सुरुवात हुनथाल्यो । कर्मचारी व्यवस्थापन, कानुन निर्माणलगायतले केही गति लिन खोजेको थियो । प्रदेश सभा र अन्तर्गतका समितिहरू पनि सक्रिय हुनथाले । केही पूर्वाधार बनेर कामले गति लिन थालेको थियो । सुरुदेखि नै प्रदेशमा आवश्यक कर्मचारीहरूको व्यवस्थापन भएको थिएन । निकै कम संख्यामा व्यवस्थापन भएको थियो । तेस्रो वर्ष सुरु हुनासाथ कोरोना महामारी सुरु भयो । संसदमा बहुमत पाएको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र आन्तरिक किचलोको सुरुवात भयो, त्यसको असर प्रदेश तहमा पनि देखियो । यस्तो अवस्थाबाट भर्खरै स्थापना भएका प्रदेश सरकारहरू अन्योलबाट गुज्रिए । अनि त मुख्यमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव, सांसदहरूको तानातान, फालाफाल भयो ।

राजा ज्ञानेन्द्र पनि आफ्नै कमी-कमजोरीले गएका हुन् । पृथ्वीसुब्बा गुरुङ गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा पोखरामा प्रदेश मुख्यमन्त्रीहरूको भेला भयो । कर्णाली बाहेकका सबै मुख्यमन्त्रीहरूले सामूहिक रूपमा समस्या र गुनासो सार्वजनिक गरे । अन्तरप्रदेश परिषद्को बैठक बोलाइएको थियो, त्यो समेत स्थगित भयो । तत्कालीन प्रधानमन्त्रीले नै बैठक सारिदिनुभयो । निकै ढिलो गरी अन्तरप्रदेश परिषद्को बैठक बस्यो ।

त्यतिबेला प्रदेशहरू अनेक समस्याबाट गुज्रिएका थिए । संघीय तहमा कर्मचारी व्यवस्थापन गर्न हम्मेहम्मे थियो, तर प्रदेश तहले कर्मचारीहरूको चरम अभाव महसुस गर्नुपऱ्यो । केही ठाउँमा प्रमुख सचिवकै अभाव भयो । प्रदेश मन्त्रालयमा पनि सचिवहरूको अभाव हुनथाल्यो । भएका र पठाइएकाहरू पनि सरुवा भएर जाने वा अन्यत्र हिंड्ने गर्न थाले । अहिले पनि करिब-करिब त्यही अवस्था छ । प्रदेश र स्थानीय तह पनि सरकार हो र ? भन्ने दृष्टिकोण छ । यी त केन्द्रका एउटा एकाइ मात्रै हुन् भन्ने दृष्टिकोणबाट व्याख्या गरिएको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसदमा समेत यस्तै कुरा बोल्नुभयो । संघीय सरकारले नै प्रदेशको हैसियतमाथि प्रश्न उठाउन थाल्यो ।

पाँच वर्षसम्म प्रहरी समायोजन हुन सकेन । कर्मचारी समायोजन पनि भद्रगोल भयो । संघीय तहमा मात्रै कर्मचारी थुपार्ने काम भइरहेको छ । सरकार बन्नलाई अथवा सरकार भएको अनुभूत हुनलाई प्रहरी प्रशासन चाहिन्छ । संविधानले शान्तिसुरक्षा र प्रहरी प्रशासनको अधिकार प्रदेश तहलाई दिएको छ । अहिलेसम्म प्रहरी समायोजन अघि बढ्न सकेको छैन । प्रदेश तहबाट हुने दण्ड-जरिवाना, अपराध नियन्त्रणलगायतका विषयमा कानुन कार्यान्वयन गर्ने प्रहरी परिचालनको अधिकार अहिलेसम्म प्रदेश तहमा पुगेको छैन ।

मैले यसपटक सबै दलहरूको घोषणापत्र हेरें । कुनै पनि राजनीतिक दलको घोषणापत्रमा प्रदेश तहको शान्तिसुरक्षा र प्रहरी समायोजनको विषय उठाएको देखिनँ । संघीय तहमा रहेकाहरूको कस्तो मानसिकता छ भन्ने यसबाट स्पष्ट देखिन्छ । सरकारले प्रभावकारी रूपमा काम गर्न आर्थिक स्रोत पनि उत्तिकै आवश्यक पर्छ । प्रदेश लोकसेवा आयोग गठनका मापदण्ड संघीय लोकसेवा आयोगबाट तय हुनुपर्नेमा निकै ढिलो गरी काम भयो । प्रदेश लोकसेवा आयोगहरू गठन त भए, तर उनीहरूले काम गर्न सकेका छैनन् । किनभने संघीय निजामती सेवा ऐन जारी नहुँदा प्रदेशबाट जारी हुनुपर्ने निजामती सेवा ऐन अलपत्र परेका छन् । केहीले अध्यादेश र केहीले आफ्नै पारामा ऐन जारी गरे पनि एकरूपता छैन । त्यहाँका लोकसेवा आयोगले कर्मचारी छनोट गरे पनि व्यवस्थापन हुन कठिनाइ भएको छ । निजामती र प्रदेश तहको कर्मचारीबीच कुनै सामञ्जस्य छैन ।

केन्द्रीय तहबाट नै प्रदेश र स्थानीय तहहरू सरकार नै होइनन् भन्ने भाष्य स्थापित गर्न खोजियो । यी संघीय सरकार अधीनस्थ हुन् र यिनीहरूले विकेन्द्रीकरणका अधिकार मात्रै प्रयोग गरिरहेका छन् भन्ने मानसिकता व्याप्त भयो । सडक, खानेपानी, सिंचाइलगायत क्षेत्रको निश्चित बजेट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्ने भनी बजेटमै व्यवस्थापन भएको थियो । संसदबाट पारित भएको बजेटबाट योजनाहरू तल्लो तहमा हस्तान्तरण गरियो । अहिले फेरि मन्त्रिपरिषद् बैठकबाट त्यसलाई फिर्ता लगिएको जानकारी आएको छ । संसदले पारित गरेको विषय मन्त्रिपरिषद्ले खण्डित गर्न सक्छ र ? संसदप्रतिको जवाफदेही र उत्तरदायित्व यही हो ?

प्रदेश तह संघीयतासँग जोडिएको संरचना हो । हामी संघीयतामा किन गयौं ? संघीयताको यात्रा किन सुरु गरियो भन्नेमा दलहरू पनि स्पष्ट छन् । जनताले अफ्नो आधारभूत सुविधाका लागि प्रभावकारी सेवा, सरकारप्रतिको अपनत्व, सहभागिता खोजेका हुन् । संघीय तहमा झण्डै दुई तिहाइ मतसहितको सरकार भए पनि जनताको भावना सम्बोधन हुन सकेन ।

अनि अहिलेसम्मको अव्यवस्था र भद्रगोलपनाको दोष सबै संघीयतामाथि थोपरियो । संघीयताकै कारण यस्तो भयो भन्न थालियो । करिब ८० लाख जति जनसंख्या भएको स्विट्जरल्याण्डको भौगोलिक आकार करिब-करिब हाम्रो कर्णाली जत्रो छ । त्यहाँ २६ वटा प्रदेश छन् । त्यहाँ २६ वटा क्यान्टोन किन चाहियो भनेर प्रश्न गर्न सकिन्छ । हामी एक दशकको द्वन्द्वबाट गुज्रिएर आएका थियौं । मधेश आन्दोलन भयो । त्यो बेलाको माग सम्बोधन गरेर यो खालको शासनव्यवस्था परिकल्पना गरिएको हो । अहिले एउटा स्थिरता छ, तुलनात्मक रूपमा शान्ति सुव्यवस्था छ । मानिसहरू गाउँमा अडिएका छन् । हिजो लामो समय जनप्रतिनिधि विहीनता भएको स्थानीय तहमा जनप्रतिनिधिहरू आएका छन् । यस्तो पृष्ठभूमिबाट हामी यहाँसम्म आइपुगेका हौं भन्ने बुझ्नुपर्छ । अहिले स्थानीय तहले पाएको अधिकार संघीयता र प्रदेश तहसँग जोडिएर आएको हो ।

> **यो शासनव्यवस्था, संघीयता र प्रदेश संरचनालाई भर्खरै जन्माएका हौं । यसको पालनपोषण हुनुपर्छ । पछि आफ्नै तरिका र कमी-कमजोरीले जान्छ भने हामीले केही गर्न सक्दैनौं । राजा ज्ञानेन्द्र पनि आफ्नै कमी-कमजोरीले गएका हुन् ।**

हामीले १०४ वर्षे राणाशासन भोग्यौं, ३० वर्षे पञ्चायत पनि व्यहोर्नुपऱ्यो । संवैधानिक राजतन्त्र र राजा ज्ञानेन्द्रको निरंकुशता पनि खेप्यौं । भर्खरै संघीयताको अभ्यास गर्दैछौं । थिति नबस्दै, संरचना बलियो नबन्दै यो व्यवस्था पनि ठिक भएन भनेर हामी कहाँ जान खोजेका हौं ? मुलुकलाई किन पटक-पटक प्रयोगशाला बनाउने ? भारतमा सन् १९५० को परिवर्तन र नेपालमा २००७ सालको क्रान्ति करिब-करिब एकै समयमा भएको हो । त्यहाँ त्यतिबेलादेखि एउटै संविधान र कानुन छ । अमेरिकामा करिब साढे दुई सय वर्षदेखि एउटै संविधान छ, त्यही संघीयता छ ।

हामीले त ६/७ वटा संविधान प्रयोग गरेर परिवर्तन गरिसकेका छौं । यो शासनव्यवस्था, संघीयता र प्रदेश संरचनालाई भर्खरै जन्माएका हौं । यसको पालनपोषण हुनुपर्छ । पछि आफ्नै तरिका र कमी-कमजोरीले जान्छ भने हामीले केही गर्न सक्दैनौं । त्यसकारण प्रदेश तहहरूमा हुनुपर्ने जति सबलीकरण भएन होला, तर केही न केही सहुलियत पुगेको छ । जिल्ला सदरमुकाम र काठमाडौं धाउनुपर्ने काम अहिले प्रदेश र स्थानीय तहमा हुन्छ । अधिकार तल्लो तहमा पुगेको छ । स्रोत-साधन विकेन्द्रीकृत भएको छ । समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्व उदाहरण भएको छ । कैयौं विकसित देशको तुलनामा महिलाको प्रतिनिधित्व उपलब्धिमूलक छ । त्यसैले अहिले प्रदेशको विकल्प सोच्ने होइन, यसको सबलीकरणका बारेमा सोच्नुपर्छ । *(वित्तीय संघीयतामा दक्खल राख्ने राष्ट्रिय सभा सदस्य डा. देवकोटासँग गरेको कुराकानीमा आधारित ।)*

*साभार:अनलाइनखबर*

# दैनिकीमा ध्यान र साधना: रसपूर्ण जीवन

**माँ आनन्द मन्जु**

भनिन्छ, जीवन आफैमा न त रसिलो हुन्छ न बिरसिलो । यदि जीवन मिठासले भरिएको रसपूर्ण छ भने कारण हामी आफै हौ । यदि तिक्तताले भरिएको विरसिलो छ जीवन भने पनि त्यो हाम्रो आफ्नै आर्जन हो । गौतम बुद्धको भनाई छ,'जे सोच्छौ तिमी त्यहीं हुन्छौ' । सकारात्मक सोचले मान्छे उँभो गतिमा लैजान्छ भने नकारात्मक सोचले मान्छेलाई उँधो गतिमा लैजान्छ ।

सकारात्मक सोचको उत्कर्ष भनेको मान्छेले बडो आनन्दित भएर रसपूर्ण जीवन बाँच्दछ भने नकारात्मक सोचको पराकाष्ठा जीवन विरस लागेर आफैले जीवनको अन्त्य गर्छ । भौतिकवादको विकाससँगै जीवन विरस लागेर आत्महत्या गर्नेको तथ्याङ्क उदेक लाग्दो छ । विश्व स्वास्थ्य संगठनको तथ्याङ्कअनुसार वार्षिक रुपमा हरेक ४० सेकेन्डमा एक व्यक्तिले आत्महत्या गर्छन् । १५ देखि २९ वर्ष समूहको मृत्युको चौथो ठुलो कारण आत्महत्या हो ।

जीवनमा समस्या र तनाव नहुने मान्छे हुँदैन । किनकि कसैको जीवन पनि अपेक्षा गरेको जस्तो शतप्रतिशत चलेको हुँदैन । त्यसै गरी कुनै पनि व्यक्तिलाई कसैलाई कहिले नपरेको समस्या विरलै पर्छ । शान्त भएर सोच्ने हो भने समाधान नभएको समस्या नै हुँदैन ।

अनि किन हरेक ४० सेकेण्डमा एक व्यक्तिले जीवनमा आइपरेका समस्या र तनाव झेल्न नसकेर आफ्नै जीवन सिध्याउँछन् ? यति मात्र नभई प्रत्येक ४ जनामा १ जना जीवनको कुनै पनि अवस्थामा मानसिक रोगको शिकार हुन पुग्दछ । यो तथ्याङ्क भौतिक विकास गरेर दैनिक जीवन सहज पारेको विज्ञानको सामु ठुलो चुनौती हो । हालैको एक प्रतिष्ठित पत्रकार सरोजराज अधिकारीको आत्महत्याको घटनाले धेरै नेपालीको मन झस्कायो । बाहिरबाट सफल जस्ता देखिएका सेलिब्रेटीले आत्महत्या गरेको यो पहिलो घटना भने होइन । यो बरियतामा यम बुद्ध, जेनी कुँवर, बलिउडका सुशान्त सिंह राजपूत र जिया खान जस्ता चर्चित सेलिब्रेटीहरु छन् । बाहिरबाट हेर्दा निकै कम उमेरमा सफलताको स्वाद चाखेका, समाजको निम्ति उदाहरण बन्न सक्ने सम्भावना बोकेका व्यक्तिले किन आत्महत्या गर्छन् होला ?

विज्ञानले गरेको विकासले मानिसको दैनिक जीवन पक्कै सहज पारेको छ । तर मानव मनलाई या भनौं मानसिक अवस्था झन् अस्थिर पारेको छ । एकातिर हरेका काम छिटो छरितो बनाएको छ, जसले गर्दा हामीले परिश्रम र प्रतीक्षा गर्न बिर्सिसकेका छौं । हरेक उपलब्धि हामीलाई एक क्लिकमा चाहिन्छ । एक क्लिकमा मिलेन भने निराश हुन्छौ । नकारात्मक हुन्छौ ।

आत्मज्ञान बिनाको एकोहोरो भौतिक विकास भनेको ब्रेक नभएको गाडी गुडाएजस्तै हो । बाटोमा मोड आयो, उकालो ओरालो या अलिकति बिग्रेको बाटो आयो भने दुर्घटना हुन्छ । जसरी गाडी गुडाउन गाडीमा ब्रेक, ब्रेकको ज्ञान र आवश्यक परेको बेलामा ब्रेक लगाउन सक्ने कला चाहिन्छ । त्यसरी नै जीवनमा प्रगति गर्न चाहने व्यक्तिले आवश्यक परेको बेलामा अफ्नो गतिमा ब्रेक लगाउन पनि जान्नुपर्छ ।

जीवनमा ब्रेक सत्यको ज्ञानबाट आउँछ । यस संसारमा कुनै पनि चिज शाश्वत छैन, यही हो चुरो सत्य । यो कसैले नसुनेको, नदोहोराएको वाक्य भने होइन । सबैले सुनेको, दोहोराएको र हो जस्तो पनि लाग्ने, अरूलाई सल्लाह दिन काम लाग्ने तर समस्या परेका बेला आफूलाई काम नलाग्ने वास्तविकता हो यो । यस संसारमा कुनै चिज पनि स्थिर छैन, समय परिस्थितिअनुसार बदलिरहन्छ । जान्यो भने हरेक समस्या समाधानको सूत्र हो यो । मान्छेले सुन्छ, दोहोराउँछ तर समस्या समाधान किन जान्दैन ?

मह गुलियो हुन्छ । यो सूचना हामीसँग भएर मात्र पुग्दैन । सुन्नेलाई गुलियो भनेको कस्तो हुन्छ, अनुभूति हुनु पर्दछ । अनुभूति शब्दबाट होइन, व्यवहारमा कार्यान्वयनबाट आउँछ । त्यसै गरी कुनै चिज शाश्वत छैन, सुनेर मात्र हुँदैन, होसपूर्ण अनुभूति हुनु पर्दछ ।

होसपूर्ण जीवन यतिकै पाइँदैन । ध्यान र साधनाबाट आर्जन गर्नुपर्दछ । त्यसैले, ध्यान र साधना नभएको जीवनशैली ब्रेक नभएको गाडी हो, जति बढी रफ्तार उति नै बढी दुर्घटनाको जोखिम ।

ध्यान र साधनाबाट मात्र होश आउँछ । व्यवहारमा कार्यान्वयनबाट अनुभूति आउँछ । होश र अनुभूतिले सत्यको ज्ञान यानि आत्म ज्ञान हुन्छ । आत्म ज्ञानले जीवनमा आइलाग्ने अनपेक्षित घटनाले ल्याउने तनाव तथा नकारात्मक विचारबाट मुक्ति दिलाउँछ । जहाँ जीवनमा तनाव र नकारात्मक विचार हुँदैन, जीवन र सपूर्ण हुन्छ । आनन्दित जीवन सुनेर, देखेर होइन, आर्जेर पाउने कुरा हो ।

धेरैजसो व्यक्तिहरू हामी रसपूर्ण जीवन जिउन चाहन्छौं तर ध्यानै गर्न सकिँदैन भन्छन् । हामी अहिले निकै अस्थिर र अस्वस्थ जीवन शैलीमा छौं, जुन स्थितिमा ध्यान गर्छु भनेर जबरजस्ती पलेटी कसेर मात्र उन्नयन हुँदैन ।

ध्यान लाग्न या भनौं ध्यानमा जान कम्तीमा दुई आधारभूत कुराहरू पुरा गर्नु पर्दछ । ती हुन्, सन्तुलित भोजन र सन्तुलित शारीरिक परिश्रम । ध्यान गर्न चाहने व्यक्तिले सात्त्विक, रसिलो, कम प्रोसेस गरिएको र आवश्यक मात्रामा मात्र भोजन ग्रहण गर्नु पर्दछ ।

त्यसै गरी सिधै पलेटी कसेर बसी ध्यान गर्छु भनेर हुँदैन । ध्यानमा जानको लागि हाम्रो शरीरमा सबैतिर अक्सिजनको प्रवाह पर्याप्त मात्रामा पुगेको हुनुपर्दछ । यसको लागि सम्यक् मात्रामा शारीरिक कसरत गरेर ध्यानमा बस्नु पर्दछ । शारीरिक कसरत कम भयो भने जबरजस्तीको ध्यानले शक्ति संग्रह भई टाउको दुख्ने लगायतका समस्या देखिन सक्छ ।

त्यसै गरी होसपूर्ण जीवनको लागि साधना पनि उत्तिकै महत्वपूर्ण छ । साधनामा मुख्यत: तीन कुराहरू पर्दछ, जसमा स्वीकार भाव राख्ने, आवश्यक कर्ममा मात्र सक्रिय हुने र जे छ त्यसप्रति अहोभाव राख्ने ।

जे भइरहेको छ वा भयो त्यसप्रति कुनै गुनासो मनमा नरहनु स्वीकार भाव हो । अर्को शब्दमा स्वीकार भाव भनेको यो हुनुपर्ने भएन या त्यो नहुनुपर्ने भयो भनी एक ठाउँमा अड्केर नबसी, जे भयो राम्रो भयो वा जे भयो राम्रोका लागि भयो भनी अगाडी बढ्नु हो ।

साँचो स्वीकार भावमा हामीलाई कसैले अन्याय गर्यो भन्ने लाग्यो तर त्यस व्यक्तिप्रति मनमा प्रतिशोध भाव आउँदैन । जीवनमा केही घटनाहरू अनुकूल हुन्छन्, केही घटनाहरू प्रतिकुल पनि हुन्छन् । अनुकूल घटनालाई धन्यवाद दिएर प्रतिकुल घटनाबाट शिक्षा लिएर अगाडि बढ्नु पर्दछ ।

याद रहोस्, हाम्रो जीवनमा अधिकांश तनाव गर्नुपर्ने काम नगरेर भन्दा पनि नगर्नुपर्ने काम गरेर हुन्छ । बोल्नुपर्ने कुरा नबोलेर भन्दा पनि नबोल्नु पर्ने कुरा बोलेर सिर्जना हुन्छ ।

तसर्थ, कुनै पनि कर्ममा सक्रिय हुनुअघि केही बोल्नु अघि यो आवश्यक छ कि छैन भनी आफैसँग प्रश्न गरी साँच्चै नै आवश्यक कर्ममा मात्र सक्रिय हुनुपर्दछ । अनावश्यक कृत्य एकातर्फ अनावश्यक तनावको सिर्जना गर्दछ भने अर्कोतर्फ आवश्यक कृत्यको लागि समय पुग्दैन । आवश्यक कृत्यमा मात्र सक्रिय रहनु पनि महत्वपूर्ण साधना हो ।

आजको दिनमा हामीसँग जे छ, त्यसप्रति अहोभाव राख्नुपर्दछ । हामी जन्मेको रित्तै हो, जे कमायौ यही कमायौ । जति गुमाउँदा पनि हामी नाफामै हुन्छौ । त्यसकारण हरेक क्षण कृतज्ञ हुने अभ्यास गर्नुपर्दछ । स्वीकार भाव राख्ने आवश्यक कर्ममा मात्र सक्रिय हुने र जे छ, त्यसप्रति अहोभाव राख्ने जस्ता साधनाले मानिसमा सकारात्मक दृष्टिको विकास गर्दछ ।


जीवन रसपूर्ण बनाई आनन्दित जीवन बाँच्ने कि बिरसिलो बनाई तनावपूर्ण जीवन बाँच्ने हाम्रो आफ्नै छनौटको कुरा हो । जीवन रसपूर्ण बनाउँछु भनेर मात्र पनि हुँदैन । होसपूर्ण दैनिकी र सत्यको अनुभूति हुनु पर्दछ । होसपूर्ण जीवन र सत्यको अनुभूति ध्यान र साधनाबाट आउँछ । रसिलो जीवनका लागि निष्ठापूर्ण चेष्टा गर्ने हो भने अलिकति पनि समय नगुमाई आजैबाट दैनिकीमा ध्यान र साधना समावेश गर्नु श्रेयकर हुन्छ ।

*साभार: रातोपाटी*

# मधेशमा संकटोन्मुख मधेशवादी दल

काठमाडौं/मधेश आन्दोलनपछि २०७० सालमा सम्पन्न दोस्रो संविधानसभा चुनावबाट सुरू भएको मधेशवादी शक्तिहरूको ओरालो यात्रा यसपटक झन् तीव्र बन्यो । मधेशमा बरु पुरानै राजनीतिक दलहरूको पुनरागमन भएको छ । नयाँ शक्तिको उदय हुने सम्भावना पनि बढेको छ ।

यसपटकको निर्वाचनमा मधेशका प्रमुख भनिएका दुईवटै शक्ति जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पुराना राजनीतिक दलहरूको नेतृत्वमा बनेका सत्ता र प्रतिपक्षी गठबन्धनसँग मिलेर चुनाव लडेका थिए । मत भने जसपा र लोसपाले भन्दा पुराना पार्टीहरूले बढी पाए ।




चुनाव जितेपछि मुद्दा सम्बोधनमा अडान लिन नसकेका र फेरी चुनाव जित्नैका लागि आफ्नो क्षेत्रमा जनाधार गुमाइसकेका पुराना शक्तिसँग सहकार्य गरेर आएका मधेशवादी दलहरूलाई मधेशका मतदाताले पत्याएनन् । बरु, स्वतन्त्र मधेशको नारासहित गठन भएर पछिल्लो समय संविधान स्वीकारेको सीके राउत नेतृत्वको जनमत पार्टीलाई स्थापित गरिदिए ।

राजनीतिक विश्लेषक सीके लाल आफ्नो मुद्दामा लड्छु भनेका मधेशवादी दलहरू परम्परागत शक्तिहरुमा ओत लाग्न जाँदा मतदाताले भरोसा नगरेको विश्लेषण गर्छन् । 'अहिले मधेशका लागि सबै राजनीतिक दल उस्तै भए । जसपा भन्ने पार्टी एमालेको पछि लागेपछि र लोसपा भन्ने पार्टी कांग्रेसको पछि लागेपछि ती दलबीच के फरक रह्यो ?,' लाल भन्छन्, 'मालिक र सहयोगीमध्ये एकलाई रोज्नुपर्यो भने मालिकलाई नै छानिन्छ नि !' संविधान संशोधनको एजेन्डामा आन्दोलन गरेर चुनाव जितेपछि जसपा र लोसपाले त्यही एजेन्डालाई सम्बोधन गराउने तत्परता नदेखाई विपक्षमा रहेका शक्तिसँग साँठगाँठ गर्दा मधेशका मतदाताले रोजाइ बदलेको लालको विश्लेषण छ ।

'संविधान स्वीकार गरेर एकपटक होइन दुई-दुई पटक चुनावमा जानु भनेको मधेशको एजेन्डालाई छाड्नु हो', उनी भन्छन्, 'त्यसलाई छोडेरै उनीहरू चुनावमा गएका हुन्, त्यसले मत पाएनन् ।'

०७२ सालमा नयाँ संविधान घोषणाको पूर्वसन्ध्यामा मधेशवादी दलहरूले असहमति राख्दै एक ठाउँमा उभिएर आन्दोलन गरे । पहिचान सहितको मधेश प्रदेशको मागमा उठेको आन्दोलनले त्यसबेलाका प्रमुख दल र तिनका नेताको मधेश-दृष्टिलाई नै अस्वीकार गरेको थियो ।

संविधान निर्माणपछि विशेषत: नेकपा (एमाले) र त्यसका अध्यक्ष केपी ओलीप्रति मधेश असन्तुष्ट बन्यो । संविधान निर्माणपछि ०७४ सालमा भएको पहिलो आम निर्वाचनको परिणाममा त्यसको स्पष्ट चित्र देखियो ।

एमाले र ओलीको 'राष्ट्रवाद'लाई देखाएर मधेश प्रदेशमा मधेशवादी दलहरू आफ्नै सरकार बनाउन सफल भए । केन्द्रमा पनि बलियो शक्तिका रूपमा उदाए । यसपटक भने मधेशका दुई ठूला दल जसपा र लोसपा मधेशमा एकल त के संयुक्त सरकार समेत बनाउन नसक्ने अवस्थामा छन् । केन्द्रको सत्ता समीकरणमा पनि बलियो बार्गेनिङ गर्नसक्ने शक्ति उनीहरुमा रहेन । कतिसम्म भने, लोसपाले त समानुपातिक मतमा थ्रेसहोल्ड कटाउन पनि सकेन ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा जसपा र लोसपाका प्रमुख नेताहरू आफूलाई प्राप्त जनमतको सम्मान गर्दै एजेन्डा सम्बोधन गराउनुभन्दा राष्ट्रिय दल बनाउने र त्यसको नेतृत्व गर्ने दौडधुपमा लागे । तर उनीहरू न राष्ट्रिय पार्टी बन्न सके न त भएकै पार्टी पंक्ति र जनमतको रक्षा गर्न सके । ०७४ पछि जसपा र राजपा विभिन्न बहानामा सरकारमा जान हानथाप गरिरहे । त्यहीबीचमा ओली नेतृत्वको सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याएर मधेशवादी पार्टी फुटाउने षडयन्त्र गरेको भन्दै उनीहरू मिले । ओलीको अध्यादेशकै कारण मिलेका उनीहरू तिनै ओलीले दुई पटक गरेको संसद विघटनलाई प्रतिगामी भन्ने कि अग्रगामी भन्ने विवादमा विभाजित भए ।

अर्का विश्लेषक चन्द्रकिशोर मधेशवादी दलहरूको यो हविगत हुनुमा नेताहरूको राष्ट्रिय पार्टी बन्ने आकांक्षा र एमालेलगायत दलहरूलाई हेर्ने दृष्टिकोणमा अस्पष्टतालाई मुख्य कारण मान्छन् ।

'कथित राष्ट्रिय पार्टी बनाउने सुरमा महन्थ ठाकुर र राजेन्द्र महतो नेतृत्वको पुरानो राजपा र उपेन्द्र यादव नेतृत्वको जसपा मिले, तर त्यो सफल भएन,' उनी भन्छन्, 'त्यसपछि सत्ता राजनीतिमा लाग्दा पनि सफल हुन सकेनन् । ओलीले गरेको संसद विघटनलाई हेर्ने दृष्टिकोणमा पनि उकालीओराली भयो ।'

पराजित मनोविज्ञान बोकेर चुनावमा गएका कारण पनि जसपा र लोसपाले मधेशमा यो परिणाम भोग्नु परेको चन्द्रकिशोर बताउँछन् । 'मुलत: लोसपा हारेको मनोविज्ञानमा चुनाव लड्न गयो', उनी भन्छन्, 'चुनावअघि बेलैमा गठबन्धन तय गर्न पनि सकेन ।'

सत्रु र मित्र पक्ष चिन्न पनि जसकेको त्यो अन्योलको अवस्थामा लोसपाका धेरै कार्यकर्ता एमालेमा गएको, जसपा विभाजन हुँदा पनि लोसपामा कमै कार्यकर्ता आएको उनी बताउँछन् ।

### मधेशी शक्ति फर्किन्छन् कि सकिन्छन् ?

मुलुकमा संघीयता कार्यान्वयनको सन्दर्भमा सबैको नजरमा परेको प्रदेश हो, मधेश । मधेश प्रदेश सरकारले गत पाँच वर्षमा गरेका हरेक क्रियाकलापमा काठमाडौंले तिखो नजर लगाइ रह्यो । संघीयता पक्षधर र विरोधी दुवैले मधेशलाई शंकालु दृष्टिले हेरे । मधेशवादी दलहरू भने एजेन्डा उठाउँदा जसरी खरो उत्रिन सकेनन् ।

मधेश प्रदेश सरकार बनाएको जसपा जहिल्यै आलोचनाको केन्द्रमा रह्यो । त्यसलाई देखाएर कतिपय संघीयता विरोधी शक्तिले यो व्यवस्थाकै विरोध गर्ने प्रयत्न गरे । अन्य ६ वटै प्रदेश सरकारमा फेरबदल हुँदा मधेश प्रदेश सरकार भने पूरै पाँच वर्ष टिक्न भने सफल रह्यो । अर्थात्, संघीयता कार्यान्वयको सफलता र मधेशलाई हेरिने दृष्टिकोणमा बदलाव ल्याउन मधेशवादी दलहरूको भूमिका बढी थियो । सुशासन र विकासका मुद्दालाई छाडेर हेर्ने हो भने यो सवालमा भने उनीहरु राम्रैसँग सफल भए भन्न सकिन्छ ।

काठमाडौंमा भने मधेशवादी दलहरू सधैं परम्परागत शक्तिको सत्ता भऱ्याङ बने । मधेशवादी दलहरू कहिले जुटेर त कहिले फुटेर केन्द्रमा सरकार बनाउने, गिराउने खेलमा निरन्तर लागि रहे । राजनीतिक विश्लेषक सिके लाल मधेशवादी दलहरूलाई स्थायी अल्पसंख्यकका रूपमा अर्थ्याउँछन् । उनको विश्लेषणमा मधेशी दलहरूको भूमिका सांघुरिँदै गएको छ । स्थायी अल्पसंख्यकका लागि उपलब्ध हुने सीमित विकल्पमध्ये अब अन्तिम विकल्प बाँकी रहेको उनी बताउँछन् ।

लालको विचारमा, पुराना शक्तिको दासता स्विकारी सकेको हुँदा मधेशवादी दलहरूबाट अब मधेशको एजेन्डा पार लाग्न सम्भव नहुने अवस्था बन्दै गएको छ । 'स्थायी अल्पसंख्यकसँग तीनवटा विकल्प हुन्छन्-दासता स्वीकार गरेर मालिकको जयजयकार, दाशता अस्वीकार गरेर लेनदेनको व्यवहार र विद्रोह', उनी भन्छन्, 'दोस्रो विकल्पबाट झरेर दासतालाई स्वीकार गरिसकेको अवस्थामा धेरै आशा गर्नु नै बेकार हुन्छ । दासता स्वीकार गरेपछि हुने दास नै हो ।'

सत्तामा जान मरिहत्ते गर्ने मधेशवादी दलहरूको मनोवृत्तीलाई दास प्रवृत्तिका रूपमा अर्थ्याउँछन् लाल । मधेश आन्दोलनबाट उठेका दलहरु पुन: दासत्वमै फर्किएको उनको टिप्पणी छ ।

'नेपालमा दासता स्वीकार गरेका मधेशीलाई राजाले राजसभा स्थायी समितिको अध्यक्ष बनाए । बद्री मण्डललाई ज्ञानेन्द्र शाहले मन्त्री बनाएकै हो । दासता स्वीकार गरेपछि त्यसको पुरस्कार राम्रै पाइन्छ । रामवरण यादव राष्ट्रपति नै भए,' लाल भन्छन्, 'तर त्यसले एजेन्डालाई अगाडि बढाउँदैन । स्थायी अल्पसंख्यकको लडाइ एक-दुई भोट घटबढ हुँदैमा सकिँदैन ।'

नेपालमा मधेशको अधिकारको विषय प्रजातान्त्रिक आन्दोलनसँगै उठेको हो । संगठित परिचालन भने धेरै पछि भयो । विभिन्न संघ-संगठनले मधेश आन्दोलनलाई राज्यभित्र अधिकार खोज्ने शक्तिको रूपमा उठाए ।

२०६२-०६३ को जनआन्दोलन लगत्तै मधेश आन्दोलनले सशक्त आकार लियो । मधेशका दलहरु त्यही जगमा संसद पुगे । धेरथोर मुद्दा सम्बोधन पनि भए, तर मधेश आन्दोलनका धेरैजसो एजेन्डा उधारो सहमतिका शिकार भए ।

आज पनि हरेक पटक सरकार बनाउने र ढाल्ने खेल हुँदा तुरुन्तै मधेशका प्रतिनिधिहरूको खोजी हुनेगर्छ । संविधान निर्माणका बेला पहिचान र अधिकारको विषयलाई लिएर दोस्रोपटक मधेश आन्दोलन गरेका दलहरू पनि सिंहदरबार पस्न सधैं लामबद्ध हुन्छन् ।

यो प्रवृत्ति कायम रहे मधेशी दलहरूको भविष्य नासिने विश्लेषक चन्द्रकिशोर औंल्याउँछन् । 'पुराना दुई ठूला दल कांग्रेस र एमालेले अहिले मधेशका एजेन्डा लिन खोजेका छन्,' उनी भन्छन्, 'मधेशवादी दलहरूले ती एजेन्डालाई सम्बोधन गराउन सकेनन् भने नयाँ शक्तिको उदय हुन्छ । त्यो अवस्थामा नयाँ शक्ति अगाडि आउँछ ।'

*स्रोत: अनलाइनखबर*

# एमालेको नजर राष्ट्रपतितिर



काठमाडौं/पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीका रुपमा अघि सारेर चुनावमा भाग लिएको नेकपा एमाले दोस्रो दलमा खुम्चिएको छ । ०७४ को चुनावमा जितेको भन्दा ४३ सिट कम अर्थात् ७८ सिट मात्रै जितेको एमालेले गठबन्धनका रहेका दलहरुसँग मिलेर पनि बहुमत जुटाउने सम्भावना छैन ।

अझ चुनावमा तालमेल गरेको दल, जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले एमालेसँग सहकार्य टुंगिएको सार्वजनिक अभिव्यक्ति दिएका छन् । सरकारमा नजाने घोषणासहित चुनाव लडेको राप्रपाले नयाँ सरकार निर्माणबारे थप निर्णय लिएको छैन । राप्रपा र जसपाको समेत साथ नपाउने अवस्था भनेको राष्ट्रिय राजनीतिमा एमाले लगभग एक्लिनु नै हो ।

नेपाली कांग्रेस नेतृत्वको गठबन्धनमा रहेका दलका नेताहरू निरन्तर सत्ता साझेदारीको भागबण्डामाथि छलफल गरिरहेका छन् । कांग्रेसभित्र संसदीय दलको नेता चयन प्रक्रिया चलिरहेकाले शक्ति बाँडफाँटबारे निर्णायक सम्वाद हुन बाँकी छ, तर जारी सम्वादलाई निष्कर्षमा पुर्याएर गठबन्धनकै नेतृत्वमा सरकार बनाउनेमा सत्तारुढ नेताहरु अडिग देखिन्छन् ।

एमालेका कतिपय नेताहरुले पनि प्रतिपक्षमा बस्ने जनादेश चुनावबाट पाएकाले सत्ता निर्माणमा चासो नरहेको बताउने गरेका छन् । तर उच्च स्रोतका अनुसार, नयाँ सरकार निर्माण र सत्ता साझेदारीबारे एमालेका नेताहरू सत्तारुढ दलका नेताहरु जत्तिकै सक्रिय छन् । 'हामी चुप लागेर बसेका छैनौं, सबै पक्षसँग निरन्तर सम्वादमै छौं', एमालेका एक पदाधिकारी भन्छन् ।

ती पदाधिकारीका अनुसार, एमाले नेताहरुले नेपाली कांग्रेस र माओवादी केन्द्रसँग समानान्तर छलफल गरिरहेका छन् । 'अहिलेको गठबन्धन मुलुकको हितमा छैन । जनादेश पनि गठबन्धनको पक्षमा आएन', ती पदाधिकारी भन्छन् । प्रत्यक्षतर्फ केही सिट बढी जितेर कांग्रेस पहिलो दल बनेपनि समानुपातिकतर्फ एमालेले लोकप्रिय मत पाएकाले सत्ता साझेदारीको हकदार आफूहरु भएको उनको तर्क छ ।

सरकार गठन प्रक्रियामा सहभागी हुन एमालेले अहिलेको सत्ता गठबन्धन भत्काउनमा जोड दिएको छ । त्यसका लागि कांग्रेस र माओवादी केन्द्रसँग समानान्तर प्रस्ताव लगेको छ, जसको केन्द्रमा राष्ट्रपति पदमा रहेको ती स्रोत बताउँछन् ।

राष्ट्रपति पद आफ्नो दललाई छोडेमा सरकार बनाउन सहयोग गर्ने प्रस्ताव दुवै दलमा एमाले नेताहरुले पुर्याएका छन् । पहिलो विकल्पमा भने कांग्रेससँगको सहकार्यलाई राखेको छ । अध्यक्ष ओलीले त चुनाव अगाडि नै कांग्रेस र एमाले मिलेर अगाडि बढ्ने अवस्था आउन सक्ने संकेत दिएका थिए । स्रोतका अनुसार अहिले एमाले नेताहरुले राष्ट्रपति आफ्नो दललाई छोड्न तयार भए कांग्रेसलाई सरकार बनाउन सहयोग गर्ने प्रस्ताव राखेका छन् । 'तर राष्ट्रपति र प्रधानमन्त्री दुवै नछोड्ने मनसायमा कांग्रेस देखिन्छ, एमालेका एक नेता भन्छन् ।

कांग्रेसलाई जस्तै माओवादी केन्द्रमा पनि एमाले नेताहरुले प्रस्ताव लगेका छन् । 'प्रचण्ड कमरेडलाई प्रधानमन्त्री भएर केही गरौं भन्ने छ, हामी त्यो पूरा गरिदिन्छौं, मिलेर अगाडि बढौं भन्ने हो', ती नेता भन्छन् । कांग्रेस गठबन्धन तोडेर प्रचण्ड आउन तयार भए सभामुखदेखि मुख्यमन्त्रीहरुमा समेत लचक हुने एमाले नेताहरुले सन्देश पुर्याएका छन ।

माओवादी केन्द्रसँग गठबन्धन गरेर ०७४ को चुनावमा भाग लिएको एमालेले त्यसबेला राष्ट्रपति र प्रधानमन्त्री दुवै पद राखेको थियो । माओवादी केन्द्रलाई उपराष्ट्रपति, सभामुख र ६ मध्ये २ प्रदेशमा मुख्यमन्त्री दिएको थियो । यसपटक त्यो भन्दा पनि चलक हुन एमाले तयार रहेको ती स्रोत बताउँछन् ।

यदि प्रचण्ड तयार भए वाम सरकारको प्रधानमन्त्री बनाउन एमालेले बहुमत जुटाउन सक्ने विश्वास पनि नेताहरुले दिएका छन् । त्यो भनेको राप्रपा र जसपाको समर्थन पाएमा फेरि पनि वाम सरकार बन्न सक्छ । एमालेसँग ७८, माओवादी केन्द्रसँग ३२, राप्रपासँग १४, जसपासँग १२ र एकीकृत समाजवादीसँग १० सिट छ ।

तर कांग्रेससँग आलोपालो प्रधानमन्त्री बन्ने भद्र सहमतिमा रहेका प्रचण्ड एमालेको प्रस्तावमा सहमत भइनसकेको माओवादीका एक पदाधिकारी बताउँछन् । 'अहिलेको गठबन्धन भन्दा बाहिर गएर सरकार बनाउने अवस्था देखिँदैन, गठबन्धनभित्रैबाट सरकार बनाउन छलफल चलिरहेको छ', माओवादी केन्द्रका ती पदाधिकारी भन्छन् ।

आलोपालो प्रधानमन्त्रीमा पहिलो कार्यकालको दाबी गरिरहेका प्रचण्ड, केपी ओलीसँग विश्वस्त नभएकैले एमाले नेताहरुको प्रस्तावमा सकारात्मक छैन । ०७४ मै ओलीसँग आलोपालो प्रधानमन्त्री बन्ने सहमतिमा पार्टी एकता गरेपनि पछि धोका भएकाले प्रस्ताव आउँदैमा विश्वास गर्न नसकिने प्रचण्डले आफू निकट नेताहरुलाई बताउने गरेका छन् । *(अनलाइनखबर)*

# राष्ट्रपतिमा मेरो सशक्त दाबी रहन्छ : झलनाथ खनाल

काठमाडौं/नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भावी राष्ट्रपति सशक्त दाबी रहने बताएका छन् । सत्ता गठबन्धनमा समझदारी बनाउँदा एकीकृत समाजवादीबाट आफ्नो राष्ट्रपतिमा दाबी रहने बताएका हुन् ।

'राष्ट्रपति राष्ट्रको अभिभावक हो । राजनीतिक इतिहास र पृष्ठभूमि भएको व्यक्तिलाई बनाउनुपर्छ । एकाध गैरराजनीतिक पृष्ठभूमि भएको व्यक्तिलाई राष्ट्रपति बनाउनुपर्छ भनेर चर्चा चलेको छ । त्यो विगतलाई हेरेर पनि गल्ती दोहोऱ्याउनु हुँदैन' खनालले भने, 'अब सत्ता गठबन्धनमा समझदारी बनाउँदा एकीकृत समाजवादीको राष्ट्रपतिको दाबी रहन्छ । त्यसमा पार्टीको तर्फबाट मेरो दाबी रहन्छ ।'

एकीकृत समाजवादीले प्रधानमन्त्री र सभामुख दाबी नगरेकाले राष्ट्रपति पाउनुपर्ने भन्दै लागेको हो । विगतदेखि सत्ता गठबन्धनमा भावी राष्ट्रपतिको रुपमा खनालको चर्चा हुँदै आएको थियो । पूर्व प्रधानमन्त्री र तत्कालीन एमाले अध्यक्ष समेत भइसकेकाले राष्ट्रपति बनाउँदा पदको समेत गरिमा बढ्ने नेताहरूले बताएका छन् ।

यस्तै पार्टीको संसदीय दलको बैठकमा समेत अध्यक्ष माधवकुमार नेपालले पार्टीको तर्फबाट राष्ट्रपतिको दाबी रहने ब्रिफिङ गरेका छन् । पार्टीले राष्ट्रपति भागबण्डा लिएरै छाड्ने गरी बैठकमा राख्ने नेपालले बताएका हुन् ।

# जाडो बढेसँगै इन्फ्लुएन्जाको जोखिम

काठमाडौं/जाडोयामसँगै इन्फ्लुएन्जा (फ्लु)संक्रमण जोखिम बढेको छ । जाडोमा सक्रिय हुने इन्फलुएन्जा भाइरस बच्चादेखि युवा र वृद्धवृद्धामा इन्फ्लुएन्जाको संक्रमण हुँने गर्दछ । दीर्घरोगी, गर्भवती, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई इन्फ्लुएन्जाको संक्रमण बढी हुने गर्दछ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका इन्फ्लुएन्जाका फोकलपर्सन डा. मिलन ब्रजाचार्यले रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई संक्रमणको जोखिम बढी हुने गरेको बताउँछन् ।

'दीर्घरोगी बिरामीलाई इन्फ्लुएन्जाले फोक्सोमा असर गरेर निमोनिया जस्ता समस्या आउन सक्छन्,' उनले भने, 'यस्ता बिरामीलाई सघन उपचार कक्ष (आइसियु)मा राखेर उपचार गर्नुपर्दछ ।'

नेपालमा इन्फ्लुएन्जा 'ए' पुष्टि भइसकेको छ । कात्तिकदेखि फागुनसम्म इन्फ्लुएन्जा भाइरसको संक्रमण हुने भएकोले सतर्कता अपनाउनुपर्ने उनी बताउँछन् । डा. बज्राचार्यले हप्तामा सात-आठ स्वाब संकलन गरेर नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने गरेको बताए ।

इन्फ्लुएन्जा संक्रमणका बिरामीमा ज्वरो आउनु, खोकी लाग्नु र घाँटी दुख्नु, टाउको दुख्नु, नाक बन्द हुनु वा सिगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस जस्ता लक्षण देखा पर्दछन् । इन्फ्लुएन्जा भएका सबैलाई ज्वरो नआउन पनि सक्छ ।

यसबाट बच्न बिरामी भएकमा व्यक्तिसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउ गर्दा आफ्नो मुख र नाक छोप्ने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने, शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने, बेलाबेलामा सावुनपानीले हात धुने र आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ ।

*स्रोत: रातोपाटी*

# विदेश जाने मौसमी श्रमिकलाई वैधानिकता

काठमाडौं/सरकारले मौसमी श्रमिक (सिजनल वर्कर) विदेश पठाउने कामलाई वैधता दिएको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकले विदेशमा मौसमी श्रमिक पठाउनेबारे एक निर्देशिका पास गरेको छ, जसले स्थानीय तहहरुलाई सम्बन्धित देशका स्थानीय निकाय वा रोजगारदाता कम्पनीसँग सम्झौता स्थापित गरेर मौसमी कामदार विदेश पठाउन बाटो खुला गरेको हो ।

पछिल्ला दिनमा बेलायत र क्यानडामा समेत विना श्रम स्वीकृति मौसमी कामदार जाने क्रम बढेको छ । विभिन्न स्थानीय तहले पनि नियमविपरीत दक्षिण कोरियामा समेत मौसमी कामदार पठाइरहेका छन् । यस्ता काममा स्थानीय तहका प्रमुखहरुले सम्बन्धित देशमा एजेन्ट नै खटाउने र श्रमिकसँग चर्को शुल्क असुलेर बढीमा ६ महिनाका लागि पठाउने गरेको विभिन्न घटनाले पुष्टि गरेका छन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेल मन्त्रिपरिषदमा प्रस्तावित निर्देशिका स्वीकृत भएको अनौपचारिक जानकारी पाएको बताउँछन् । उनका अनुसार निर्देशिकाले मौसमी कामदारका रुपमा असुरक्षित तवरले विदेश जाने र ठगिने क्रम रोक्न सघाउ पुग्ने छ ।

अब स्थानीय तहमार्फत माग भएका क्षेत्रमा श्रमिकले मौसमी कामदारका रुपमा वैध रुपमै विदेशमा एक वर्षसम्मको करार अवधिका लागि पनि जान पाउनेछन् । तर, व्यक्तिगत रुपमा अनलाइनमा फारम भरेर छनोट हुने मौसमी श्रमिकलाई निर्देशिकाले वैधानिकता दिने बाटो खोलेको छैन ।

*(अनलाइखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

### श्री मालपोत कार्यालय मकवानपुरबाट
### मिति: २०७९/०८/२९ मा जारी भएको नामवलीको
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक-सेर ब., कुल ब. बाल्वा थिङ (भतिज)  ज.ध. मान बहादुर बाल्वा थिंग (ठूलो बा)

यसमा जिल्ला मकवानपुर, साविक खैराङ गाविस वडा नंवर ६ को कि.नं. ७५ ८२१३४ र १८६ को क्षेत्रफल क्रमश ज.रो. ७-४-२-२, ६-९-१-३, ६-१२-२-२ २१-१०-३-३ जग्गाको जग्गाधनी मान बहादुर बाल्वा थिंगको मिति २०४३/११/८ मा मृत्यु भएको, जग्गाधनीको दुई पत्नीमा जेठी पत्नी सानुमाया वाल्वा र कान्छी पत्नी नाम थाहा नभएको पनि मिति २०४४/०९/११ र २०३० सालमा कुनै पनि सन्तानको जायजन्म नहुँदै मृत्यु भएको, जग्गाधनीको बाबु हिरालाल बाल्बाको पनि मिति २००८/८/४ मा मृत्यू भएको, जग्गाधुनीको एकमात्र भाई दमाई सिं थिं र दमाई सिं थिंको एकमात्र पत्नी सेतिमाया थिंगको पनि क्रमश मिति २०१५/५/१८ र २०३२/११/३ मा मृत्यू भएको, जग्गाधनीको हालको हकदारहरुमा दमाई सिं थिंको २ छोराहरु हामी निवेदकहरु भई निज जग्गाधनी र निजको पत्नीको पालनपोषण, रेखदेख र मृत्यू पछीको काजक्रिया समेत हामीहरुले गरेको हुनाले उल्लेखित जग्गाहरु हाम्रो नाममा संयुक्त नामसारी गराईपाउँ भनि निवेदकहरुले राक्सिराङ गाँउपालिका ९ नंवर वडाको च.नं. १४९ मिति २०७९/०८/१६ को सिफारिस, वडा सर्जमिन मुचुल्का, सक्कल पुर्जा तथा मृत्यू दर्ता प्रमाणपत्र समेत कागजातहरु संलग्न राखी द.नं. ४८०९ मिति २०७९/०८/२१ मा मागदावी निवेदन पेश गर्नु भई सनाखत प्रमाणित समेत भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको मृत्यू भएको, निजको २ पत्नीहरुबाट कुनै पनि सन्तानहरुको जायजन्म नभै मृत्यू भएको खुल्न आएको हुँदा जग्गाधनीको हकदारहरु, पालनपोषण/सदगद तथा जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भएपछी पेश गर्नू भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको अरु कोही हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा उल्लेखित जग्गा निवेदकको नाममा एकलौटी नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।


*ईति संवत २०७९ साल मंसिर महिनाको २८ गते रोज ०४ शुभम ।*

# बुढीचौरको पानी ल्याएर २ हजार घरधुरीको समस्या हटाउने योजना

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ मकवानपुरगढीका १, २, ४ र ७ नम्बर वडा खोपानीको पहुँचले पछाडि परेका क्षेत्र हुन् । भौगोलिक दृष्टिकोणले पनि विगतमा यी वडाहरुमा खानेपानीको व्यवस्थापन हुन सकेको छैन् ।

यी वडाहरुमा खानेपानीको हाहाकार नै मच्चिने गरेको छ । ३ नम्बर वडामा केही वर्षअघिसम्म खानेपानीको ठूलो समस्या रहेको थियो । करिब ३ वर्षअघि सामरी खोलाको पानी टावरडाँडाको टंयाकीबाट खानेपानी वितरण भएपछि ३ नम्बर वडाम खानेपानीको हाहाकार हटेको थियो । तर, १, २, ७ नम्बर वडाहरुमा खानेपानीको हाहाकार अझै कायम छ । जसकारण गाउँपालिकाको नेतृत्व नै खानेपानीको हाहाकार हटाउन लागिपरेका छन् । साविक गढी गाविस अर्थात हालको १, २, ७, ४ र ३ नम्बर वडामा खानेपानी समस्याको दीर्घकालीन समाधान निकाल्न ८ नम्बर वडाको बुढीचौर खोलाको पानी ल्याउन प्रारम्भिक अध्ययन थालिएको छ ।



गाउँपालिकाको वडा नम्बर २ र ४ मा संचालनमा रहेको बृहत खानेपानी योजनामा पानीको अपुग भएपछि थप मुहानको खोजी भएको हो । हालको वडा नम्बर २ मा रहेको धवाडी खोल्सीको पानीलाई बृहत खानेपानी योजनाको मुहानको रुपमा प्रयोग गरिएको छ । पछिल्लो समय मुहानको माथिल्लो भागमा बस्ती विकास बढ्दै जाँदा मुहानको पानी घट्दै गएको तथा वि.सं. २०५३ साल ताका निर्माण गरिएका खानेपानीका पाईपलगायत भौतिक संरचना पुरानो भई जिर्ण हुँदै गएकाले पानी आपूर्तिको क्षमता कम हुँदै गएको छ । त्यसो त पछिल्लो समय वडा नं २, ३ र ४ मा बजारीकरण तर्फ उन्मुख हुँदै गरेको तथा व्यवसायिक पशुपालनसमेत बढेकाले पानीको अभाव बढ्दो छ ।

यहाँ खानेपानी आपूर्तिका लागि लिफ्ट सिस्टमका विभिन्न योजनाहरु पनि संचालनमा रहेका छन् । वडा नम्बर ३ मा रहेको देविडाँडा खानेपानी योजना, जागृति खानेपानी, टावरडाँडा खानेपानी तथा वडा नम्बर ४ मा रहेको तिनधारा खानेपानी (धरमचुली), बुर्जाडाँडा खानेपानीलगायतका योजनाहरु लिफ्ट सिस्टमबाट संचालनमा रहेका छन् । बिजुलीको सहज आपूर्तिमा समस्या हुँदा तथा लामो दुरीमा तलको पानी माथि डाँडा लिफ्टिङ गर्दा बेला-बेलामा पाईप फुट्ने समस्या हुने कारण ती योजना संचालनमा त्यती सहज छैन भने आर्थिक हिसाबले समेत केही महंगो छ ।

बगेर आउने पानीमा लागत कम पर्ने तथा सहज आपूर्ति हुने भएको हुँदा त्यस तर्फ पहल गर्न स्थानीय उपभोक्ताहरुले जनप्रतिनिधिहरु समक्ष सुझाव समेत राख्ने गरेका छन् । सोही अनुसार खानेपानीको दीर्घकालीन समस्या समाधानको लागि सोमबार मकवानपुरगढीका जनप्रतिनिधि एवम् बृहत खानेपानी उपभोक्ता समुहका प्रतिनिधिहरुले थप मुहान खोजीका क्रममा वडा नम्बर ८ मा रहेको बुढीचौर खोलामा पुगि प्रारम्भिक अध्ययन गरेका छन् । भौगोलिक रुपले बुढीचौर समुन्द्री सतहबाट माथि रहेको र २ देखि ४ नम्बर वडा ओरालो पर्ने भएकाले पानी ल्याउन सहज हुने अनुमान गरिएको छ ।

गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मान कुमारी पाखिन, वडा नम्बर २ का वडा अध्यक्ष बखान सिं पाखिन, वडा नम्बर ३ का वडा अध्यक्ष भागवत घिमिरे, गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी, गाउँपालिकाकै योजना शाखा प्रमुख प्रकाश न्यौपाने, मकवानपुरगढी बृहत् खानेपानी योजना उपभोक्ता समुहका सचिव कृष्ण प्रसाद पोखरेल, प्राविधिक बिष्णु ढुंगानालगायतको टोलीले प्रारम्भिक अध्ययन गरेको हो ।

बुढीचौर खोलामा बगेर खेर गएको पानीलाई सदुपयोग गरी खानेपानीको आपूर्ति गर्न सके साबिक मकवानपुरगढीका करिब २ हजार घरधुरीलाई खानेपानी समस्याको समाधान हुने ३ नम्बर वडाका वडाध्यक्ष घिमिरेले जानकारी दिए ।

# मकवानपुरगढीमा भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि अर्न्तक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ मकवानपुरगढी गाउँपालिकामा भु-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि अन्तक्रिया कार्यक्रम भएको छ । वडा नम्बर ३ को आयोजनामा भएको वडा स्तरीय अर्न्तक्रिया कार्यक्रममा नेपाल सरकारले कार्यान्वयनका लागि जारी गरेको भुमि सम्बन्धि ऐन नियमका विषयमा छलफल गरिएको थियो ।

विशेष गरि कृषि क्षेत्र र आवास क्षेत्र निर्धारणका विषयमा छलफल भएको वडा अध्यक्ष भागवत घिमिरेले जानकारी दिए । सरकारले भुमि सम्बन्धि ऐन २०२१ र भु-उपयोग ऐन २०७६ को दफा १० तथा नियमावली २०७९ को नियम १२ मा भएको व्यवस्था अनुसार जग्गाको खण्डीकरण, नियन्त्रण तथा कित्ताकाट गर्ने कार्यलाई नियमन गर्न विभिन्न आधार र मापदण्ड बनाएको छ । मापदण्ड अनुसार काठमाडौं उपत्यकामा कृषि क्षेत्र वर्गीकरण भएको जग्गा ५ सय वर्ग मिटर अर्थात ३० धुर, तराई र भित्री मधेसमा ६ सय ७५ वर्ग मिटर अर्थात ४० धुर र सो बाहेकका भुभागमा १ हजार वर्ग मिटर अर्थात ५९ धुर भन्दा तल कित्ताकाट गर्न पाईने छैन ।

त्यस्तै आवास क्षेत्र वर्गीकरण भएको जग्गा काठमाडौं उपत्यका लगायत तराई, पहाड र हिमाली क्षेत्र सबैमा १ सय ३० वर्ग मिटर अर्थात ७ दशमलव ६७ धुर र ५ सय वर्ग मिटर अर्थात् ३० धुर भन्दा सानो कित्ताको हकमा चौडाइ भन्दा लम्बाई चार गुणा भन्दा बढी हुने गरि कित्ताकाट गर्न पाईने छैन । जग्गाको वर्गीकरण पश्चात् आवास क्षेत्र, कृषि क्षेत्र लगायतका क्षेत्रमा सोही अनुसारले आवश्यक पुर्वाधार विकास गर्न सहज हुने वडाध्यक्ष घिमिरेले बताए । कस्तो जग्गालाई आवास क्षेत्र र कस्तो जग्गालाई कृषि क्षेत्र छुट्याउने भन्ने विषयमा गाउँपालिकाका कृषि शाखा प्रमुख एवम् कार्यक्रमका संयोजक चन्द्रकान्त चौधरी र गाउँपालिकाका सबइन्जिनियर बिष्णु ढुंगानाको प्रस्तुतीकरण थियो ।

वडा नम्बर ३ का वडाध्यक्ष घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा वडाभित्र रहेका राजनीति दल, विभिन्न टोल विकास संस्था, विद्यालय, सहकारी, वन, खानेपानी, सुरक्षा निकाय का प्रतिनिधि, संचारकर्मीलगायतकाको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन वडा नम्बर ३ का वडासचिव सोनिका अर्यालले गरेकी थिइन् । मकवानपुरका १० वटा स्थानीय तहमध्ये हालसम्म हेटौंडा उपमहानगरपालिकाले मात्र सो सम्बन्धि कार्यविधि पास गरी कार्यान्वयनमा आएको छ ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं।
- सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# मेसीको फोटो टाँसेर सडक सरसफाई



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/हेटौंडाका एक युवकले कतारमा भएको विश्वकप-२०२२ जितेको खुशीयालीमा हेटौंडाभित्र पर्ने कान्तिलोकपथ सडक खण्डमा सरसफाई गरेका छन् ।

आफूले समर्थन गरेको अर्जेन्टिना र विश्वकप जिताउन मुख्य भूमिका खेलेका कप्तान लियोनल मेस्सीप्रति खुशी हुँदै हेटौंडा-१७ घर भएका प्रदीप थापाले सडक सरसफाई गरेका हुन् । हेटौंडामा अर्जेन्टिनाले विश्वकप जितोस् भन्दै कप्तान मेस्सीको ९ ग्रहको पूजा गर्नेदेखि विश्वकप जितेपछि खुशीयालीमा बजार सरसफाई गर्ने थापाको चर्चा भएको छ । चर्चामा आउन अनेक हतकण्डा अपनाउनेहरुको भीडमा थापाले प्रशंसनीय कार्य गरेको भन्दै सबैले धन्यवाद दिएका छन् ।

थापाले कान्तिलोकपथ सडकखण्डको हेटौंडा-१७, स्थित सालक पार्कबाट सडकमा भएका फोहोर संकलन गरेका हुन् । थापा डिभिजन वन कार्यालय मकवानपुरका कर्मचारीसमेत हुन् । सामाजिक जनचेतनासँगै वातावरणको स्वच्छता कायम राख्न मद्दत हुने भएकोले अर्जेन्टिनाले जितेको खुशीमा सडक सरसफाई गरेको उनले सुनाए । थापा यसअघि बढ्दो वन डढेलो नियन्त्रणको सन्देशसहित हेटौंडाबाट ताप्लेजुङगसम्मको साइकल यात्रा गरेका थिए । फोहोर संकलन गर्न थापाले रिक्सा प्रयोग गरेका थिए ।

रिक्सामा उनले फोहोर संकलन गरेका थिए भने ठेलाको अगाडितर्फ मेस्सीको फोटो टाँसिएको थियो । अर्जेन्टिनाको एक-एक थान झण्डासँगै आई लभ मेस्सी लिखित तस्वीर लिएर उनले सडकका फोहोर संकलन सुरु गरेका हुन् । सालक पार्कबाट बिहान ७ बजेदेखि फोहोर संकलन गर्न सुरु गरेको र साँझ ४ बजे हेटौंडा-५ आइपुगेको थापाले बताए । सडकमा फोहोर संकलन गर्न थापा एक्लै खटिएका थिए ।


## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन न.:०५७-५२०३१५


# विज्ञान प्रदर्शनीमा महेन्द्र माविर हिमालयन बोर्डिङ उत्कृष्ट




साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/हेटौंडामा भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा एक सामुदायिक र एक संस्थागत विद्यालय उत्कृष्ट भएका छन् ।

जिल्ला शिक्षा समन्वय इकाई मकवानपुरको आयोजनामा भएको विज्ञान प्रदर्शनीमा भीमफेदी गाउँपालिकाको महेन्द्र मावि प्रथम भएको छ । यसैगरी प्रदर्शनीमा थाहानगरको हिमालयन इङ्लिस बोर्डिङ स्कूल दोस्रो भएको छ । हेटौंडाको सिद्धार्थ माविमा भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा महेन्द्र मावि भिमफेदी पहिलो भएको हो । प्रदर्शनीमा महेन्द्र प्राविधिक स्कुल बकैया तेश्रो तथा मकवानपुर गढिको भानु मावि चौथो भएको छ । जिल्लाको ९ वटा विद्यालयको सहभागिता रहेको विज्ञान प्रदर्शनीमा उत्कृष्ट हुने विद्यालयलाई प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका छन् ।

थाहा नगरपालिकामा भएको विज्ञान प्रदर्शनीमा हिमालयन बोर्डिङ स्कुल प्रथम भएको थियो । जिल्लास्तरीय प्रतियोगितामा आउँदा थाहा नगरपालिकाले नै नगर क्षेत्रमा आन्तरिक प्रतिस्पर्धा गराएको हो । जिल्लाका अन्य स्थानीय तहले जिल्लास्तरीय प्रतियोगिता हुँदा आफ्नो पालिकाभित्र आन्तरिक प्रतिस्पर्धा गराउने कार्य गरेको देखिँदैन् । तर, थाहा नगरपालिकाले भने आन्तरिक प्रतिस्पर्धा गराएर पठाएको हो । थाहा क्षेत्रका विभिन्न ९ विद्यालयलाई पछि पार्दै हिमालय बोर्डिङ विज्ञान प्रदर्शनीमा प्रथम भएको हो । झम्केश्वरी माविको व्यवस्थापनमा एक दिवशीय विज्ञान प्रदर्शनी भएको थियो ।

थाहा नगरपालिका शिक्षा शाखाको आयोजनामा मावि स्तरीय विज्ञान प्रदर्शनी भएको थियो । प्रतियोगितामा पालुङ भ्याली हार्ट एकेडेमी दोश्रो, बज्रवाराही मावि तेश्रो तथा सुन्दरीदेवी माविले सान्त्वना पुरस्कार पाएको छ । प्रदर्शनीको पुरस्कार वितरण कार्यक्रम थाहा नगर पालिकाका प्रमुख विष्णुबहादुर विष्टको प्रमुख आतिथ्य तथा व्यवस्थापन विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष प्रदिप प्रधानको सभाध्यक्षतामा भएको छ ।

कार्यक्रममा थाहा नगर पालिकाका उपप्रमुख भरत गोपालीको विशिष्ट आतिथ्यता रहेको थियो भने नगर शिक्षा समिति सदस्य हरिकृष्ण कार्की, पालुङ भ्याली हार्टका संस्थापक सुरेन्द्रमान प्रधान, थाहा नगरपालिका सुचना शाखा प्रमुख सुरजकुमार भुजेल, सूचना प्रविधि अधिकृत भगिरथ कार्कीलगायतकाको आतिथ्यता रहेको थियो । कार्यक्रममा झम्केश्वरी माविका प्रधानाध्यापक उद्धवप्रसाद आचार्यले स्वागत गरेका थिए ।

कार्यक्रममा थाहा नगर पालिकाका प्रमुख बिष्णु बिष्टले विद्यार्थी माझ रहेको प्रतिभालाई व्यवहारिक रुपमा सिकाइ, सिकाई उपलब्धि हासिल गर्न यस प्रकारको प्रतियोगिता र प्रदर्शनीको आवश्यकता रहेको औल्याए। उनले किताबी ज्ञानमा मात्र विद्यार्थीहरुलाई सीमित नराख्न विद्यालय र अभिभावकलाई आग्रह गरेका छन् । नगरस्तरीय प्रदर्शनीमा प्रथम भएपछि मात्रै हिमालयन बोर्डिङ सोमबार थाहा नगरको प्रतिनिधित्व गर्दै हेटौंडामा हुने जिल्लास्तरीय बिज्ञान प्रदर्शनीमा भाग लिन पाएको थियो ।

# चितवनका सामुदायिक वनद्वारा रानी वनको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ चितवनमा रहेको विभिन्न सामुदायिक वनका उपभोक्ताहरुले हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वनको स्थलगत अवलोकन गरेका छन् ।

चितवनमा रहेको देवीथान, कण्ठेश्वरी, राप्ती एकता र कुचकुचे मध्यवर्ती सामुदायिक वनका पदाधिकारी, जनप्रतिनिधि र कर्मचारी लगायतकाले रानी सामुदायिक वनको अवलोकन गरेका हुन । अवलोकनतकर्ताहरुलाई रानी सामुदायिक वनका अध्यक्ष विष्णु प्रसाद न्यौपाने, उपाध्यक्ष केशव धिताल र कार्यालय सचिव भीमसेन पौडेल लगायतकाले समूहले गरेका विभिन्न गतिविधिहरुको बारेमा जानकारी गराएका थिए ।

सहभागीहरुलाई समूहको संस्थागत विकास, गरिवी न्यूनीकरण, सामाजिक कार्य, पर्यापर्यटन, आयआर्जन, वन पैदावार संकलन, व्यवस्थापन लगायतका विषयहरुमा जानकारी गराईएको थियो । भ्रमण दलका सहभागीहरुले समूहद्वारा निर्माण गरिएको शान्तिपार्कको समेत अवलोकन गरेका थिए ।


## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।


**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थाहा नगरपालिकाको कुन्छाल गाउँमा डोको बुन्दै एक वृद्ध । कुन्छाल गाउँ सांस्कृतिक परम्परा र कृषि उत्पादनका लागि चर्चित छ । कुन्छालका अधिकांश स्थानीय कृषि पेशाबाट आश्रित छन् । जसकारण स्थानीय वृद्धहरु घरायसी कामकाज र बिक्री वितरणका लागि डोको बनाउने काम गर्दै आएका छन् । कतिपय वृद्धहरुले डोको बनाएर आम्दानी पनि गर्ने गरेका छन् । तर, परम्परागत सीपको जगेर्ना जेष्ठ नागरिकको हातमा मात्रै निहीत भएको देखिन्छ । डोको बुन्ने सीपलाई पुस्ता हस्तान्तरण नहुँदा यो सीप लोप हुँदै गएको छ । *तस्बिर सौजन्य: गणेश विष्ट/थाहा*

# जिएस निकेतनलाई हाजिरीजवाफ उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/हेटौंडा उपमहानगरपालिका-७, स्थित तासिर इङ्लिश सकेन्डरी स्कुलको आयोजनामा भएको हाजिरीजवाफ प्रतियोगितामा जिएस निकेत बोर्डिङ प्रथम भएको छ ।

तासिरका स्कुलका संस्थापक राजन थापाको पिता स्वर्गीय रणबहादुर थापाको वार्षिक पुण्यतिथीको अवसरमा आयोजित रण बहादुर थापा मेमोरियल हाजिरीजवाफ प्रतियोगिताको उपाधि हेटौंडा-५ मा रहेको जिएस निकेतनले जितेको हो । स्वर्गीय थापाको चौथो पुण्यतिथीमा आयोजित प्रतियोगितामा हेटौंडा नगरका ३० विद्यालयलाई उछिन्दै जिएस उत्कृष्ट बनेको हो । विद्यालयहरुमा हाजिरी जवाफ प्रतियोगितालाई प्रभावकारी रचनात्मक क्रियाकलापका रुपमा लिने गरिन्छ । विद्यालयस्तरमा हुने प्रतियोगितामध्ये विद्यार्थीहरुमा हाजिरी जवाफ प्रतियोगिता बढी प्रभावकारी रुपमा लिइने गरिएको छ । हाजिरी जवाफ प्रतियोगिता विद्यार्थीहरुको परीक्षण माध्यम पनि हो ।

विद्यालय व्यवस्थापनका अध्यक्ष मिठ्ठेबहादुर कार्कीको सभाध्यक्षता भएको प्रतियोगिताको प्रमुख अतिथि हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतम थिए । प्रतियोगितामा तुल्सीमेहर मेमोरियल बोर्डिङ स्कुल दोस्रो हुन सफल भएको छ । नवोदय शिशु सदनले तेस्रो स्थान पायो । जिएस निकेत, तुल्सीमेहर र नवोदय शिशु सदनले क्रमश: नगद १० हजार, ७ हजार ५ सय र ५ हजार सहित मेडल, प्रमाणपत्र र शिल्ड पाएका छन् । वडाअध्यक्ष गौतम र स्वर्गीय रणबहादुर थापाकी धर्मपत्नी निरकुमारी थापाले पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगिता जिल्लामै पहिलो पटक डिजिटल प्रविधिबाट आयोजना गरिएको दाबी गरिएको छ । प्रतियोगितामा हेटौंडानगरका निजी तथा सामुदायिक गरी ३१ वटा विद्यालयको सहभागिता रहेको थियो ।

कार्यक्रममा हेटौंडा बचत तथा ऋण सहकारीका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, चिसापानी न्युरेनी सामुदायिक वनका अध्यक्ष ज्ञानबहादुर क्षेत्री, नवज्योति माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्ण बहादुर थापा, विद्यालयका प्रधानाध्यापक विनोद थपलिया, विद्यालयका संस्थापक अध्यक्ष राजन थापालगायतको उपस्थिति थियो । तासिरमा हरेक वर्ष प्रतियोगिता हुँदै आएको छ ।


## साधारणसभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कारणवश पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी उक्त गरिमामय सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने:**

**मिति** : २०७९ पौष ९ गते ।
**स्थान** : पल्पसा सदन ।
**समय** : बिहान ११:०० बजे ।

***नोट:*** *शेयर सदस्यहरुको सन्तानमा २०७८ को SEE मा उत्कृष्ट नतिजा ल्याउनु हुनेले संस्थामा सम्पर्क गर्नुहोला ।*

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-१०, राप्तीरोड
सम्पर्क नं.: ०५७-५२३२७०, ५२३५२६

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
**९८४५२९०३९१, ९८५५०८५३९१**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना